# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

### केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७७।०४।२८

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघका सभासद् एवं कैलालीको टीकापुरस्थित कान्तिपुर सम्वाददाता गणेश चौधरीलाई समाचार संकलनका क्रममा ५ जनाको समुहमा रहेका व्यक्तिहरुले आक्रमण गरी घाइते बनाएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

साउन २६ गते कैलालीको जानकी गाउँपालिका-६ जगतपुरमा समाचार संकलनका क्रममा रहेका पत्रकार चौधरीमाथि सोही ठाउँका दिनेश कडायत, दिनेश शाह, शिरिष शाह, सुरेन्द्र शाही र रविन्द्र शाहको समुहले एक्कासि टाउकोमा प्रहार गरी घाइते बनाएका थिए ।

कोभिड-१९ संक्रमणको जोखिम मोलेर पेशागत कर्ममा जुटेका पत्रकारमाथि भएको यो आक्रमण निन्दनीय र प्रेस विरोधी काम हो । महासंघ घटनामा संलग्न व्यक्तिहरुमाथि कानुनी कारबाही गर्न तथा पत्रकारको सुरक्षामा गम्भीर भई प्रेसविरुद्ध हुने यस्ता घटना नियन्त्रणमा कडा कदम चाल्न सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदछ । साथै, घाइते पत्रकार चौधरीको स्वास्थ्यलाभको कामना गर्दछ ।

रमेश विष्ट
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org